# सिरहा नगरपालिका

## प्रदेश नं. २, सिरहा

## २०७६

# खानेपानी तथा सरसफाई

# वस्तुगत विवरण

# (WASH Profile)



**सहयोगी संस्था:**

welt hunger hilfe

SABAL NEPAL ESTD.-2062

**परामर्श सहयोग:**

Consultancy for Change

Centre for Sustainable Development Studies Pvt. Ltd.

| | |
|---|---|
| **दस्तावेज** | **खानेपानी तथा सरसफाई वस्तुस्थिति विवरण (WASH Profile)** |
| **प्रकाशक** | **सिरहा नगर कार्यपालिकाको कार्यालय** |
| **सहयोगी संस्था** | welt hunger hilfe; SABAL NEPAL ESTD.-2062 |
| **परामर्श सहयोग** | Consultancy for Change; Centre for Sustainable Development Studies Pvt. Ltd. |
| **सर्वाधिकार ©** | प्रकाशकमा |
| **मिति** | २०७६ मंसिर |
| **आवरण फोटो ©** | http://www.johntyman.com/nepal/23.html |

# प्रकाशकीय




## नमूना

नेपालले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई नविनतम अभ्यासका रुपमा अंगालेको छ। संविधानले व्यवस्था गरेको तीन तहको संघीय संरचनामा जनताको सबैभन्दा नजिकको सरकारका रुपमा स्थानीय तह रहेको छ । स्थानीय सरकारले जनताका आकांक्षाको सम्वोधन गर्न समन्वयात्मक तथा सहकार्यात्मक भूमिकालाई बढी जिम्मेवार तहका रुपमा रहेको छ । फरक संस्थागत व्यवस्था तथा शासकिय प्रणालीमा समायोजित हुँदै सुशासन तथा समृद्धि जनअपेच्क्षालाई मुर्त रुप दिन सबैको साथ र सहयोग आवश्यक छ । नेपालले लिएको दिगो विकास लक्ष्य, वर्तमान पञ्च वर्षिय आवधिक योजना, प्रदेश सरकारले लिएको क्षेत्रगत लक्ष्य र नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमलाई मध्यनजर गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणलाई यथोचित गति प्रदान गर्नु जरुरी देखिएको छ ।

वर्तमान संविधानले आधारभूत खानेपानी तथा सरसफाईका सवाललाई स्थानीय सरकारको एकल अधिकारको सूचीमा सूचिकृत गरेको छ । खानेपानी तथा सरसफाईको सवाल मानव विकासको विद्यमान अवस्थालाई चित्रित गर्ने महत्वपूर्ण चरको हो । विगतका सामाजिक साँस्कृतिक मान्यता, आर्थिक दुरावस्था र व्यक्तिगत आनिवानीका कारण व्यक्तिगत सरसफाई र स्वस्थ आनीवानीको विकास हुन नसकेको तथ्य हामी माझ स्पष्ट नै छ । खानेपानी र सरसफाईसँग सम्बन्धित क्षेत्रको सुधारका लागि यस क्षेत्रसँग सम्बन्धित नगरपालिका भित्रको वर्तमान अवस्थालाई यर्थाथ रुपमा जानकारी गराउने वस्तुगत विवरणको जरुरी हुन्छ । यस वस्तुगत विवरणमा उल्लेखित सूचनाले खानेपानी तथा सरसफाई क्षेत्रमा रहेको सम्भावना, अवसर, समस्या तथा चुनौतिलाई वस्तुनिष्ठ रुपमा पहिचान गरी आगामी योजना तथा रणनीति गय गर्न बलियो आधारका रुपमा रहने विश्वास गरिएको छ । सामाजिक विकासको मुख्य वाधाको रुपमा रहेको यस सवाललाई स्थानीय समुदाय, विकास साझोदार संस्था र संघीय तथा प्रदेश सरकारसँगको समन्वय तथा सहकार्यमा निराकरण गर्नु आजको आवश्यकता हो ।

अन्तमा, नगरपालिकाको आवश्यकता बमोजिमको खानेपानी तथा सरसफाई क्षेत्रको वास्तविकता झल्काउने खानेपानी तथा सरसफाई वस्तुगत विवरण तयारीमा सहयोग गर्ने विकास साझेदार संस्था WWH/सवल नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु । तयारीका क्रममा महत्वपूर्ण सुझाब तथा सल्लाह र समन्वयात्मक सहयोग पुर्याउने नगरकार्यपालिका पदाधीकारी सहित नगरपालिका तथा विषयगत शाखाका सबै कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस वस्तुगत विवरण तयारीमा प्राविधिक सहयोग पुर्याउने दिगो विकास अध्ययन केन्द्र प्रा.लि. लाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

.....................................

**अशेश्वर प्रसाद यादव**

नगर प्रमुख

# शव्द संक्षेप

| | |
|---|---|
| अ/गैसस : | अन्तराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था |
| किमि : | किलो मिटर |
| केजी : | किलोग्राम |
| गाविस : | गाउँ विकास समिति |
| नपा : | नगरपालिका |
| वकिमि : | वर्ग किलोमिटर |
| वडा नं. : | वडा नम्वर |
| वि.सं. : | विक्रम सम्बत |

# विषय सूची

*प्रकाशकीय* ........ *iii*
*शव्द संक्षेप* ........ *iv*
*विषय सूची* ........ *v*
*तालिका सूची* ........ *viii*
*रेखाचित्र सूची* ........ *xi*

**परिच्छेद १ : परिचय**

*१.१ पृष्ठभूमि* ........ *१*
*१.२ वस्तुगत विवरणको उद्देश्य* ........ *२*
*१.३ कानुनी तथा नीतिगत व्यवस्था* ........ *२*
*१.४ अध्ययन विधि* ........ *२*
१.४.१ सर्वेक्षण औजार तयारी ........ *२*
१.४.२ तथ्याङ्क संकलन ........ *३*
१.४.३ तथ्याङ्क विश्लेषण तथा व्यवस्थापन ........ *३*
१.४.४ दस्तावेज तयारी तथा सुझाव संकलन ........ *३*
*१.५ अध्ययनका सीमा* ........ *३*

**परिच्छेद २ : अध्ययन क्षेत्रको चिनारी**

२.१ भौगोलिक अवस्थिति ........ *४*
२.२ राजनीतिक अवस्थिति ........ *४*
२.३ ऐतिहासिक पृष्ठभूमि तथा चिनारी ........ *५*
२.४ भूउपयोगको अवस्था ........ *५*
२.५ मानव विकासको अवस्था ........ *५*

**परिच्छेद ३ : जनसांख्यिक अवस्था**

३.१ वडागत जनसंख्या ........ *६*
३.२ जातजातिगत जनसंख्या ........ *७*
३.२ जातजातिगत घरधुरी संख्या ........ *८*
३.३ धर्मअनुसार जनसंख्या तथा घरधुरी संख्या ........ *९*
३.४ लैंगिकताका आधारमा घरमुली विवरण ........ *१०*
३.५ उमेरअनुसार जनसंख्या ........ *१०*
३.६ साक्षरताको अवस्था ........ *११*
३.७ शैक्षिकस्तर अनुसार जनसंख्या विवरण ........ *१२*
३.८ पेशाका आधारमा जनसंख्या ........ *१३*
३.९ मुख्य पेशाका आधारमा घरधुरी ........ *१४*

**परिच्छेद ४ : स्वच्छ खानेपानीमा पहूँचको अवस्था**

४.१ सुख्खा याममा खानेपानीको श्रोत ........ *१६*
४.२ वर्षा याममा खानेपानीको श्रोत ........ *१६*
४.३ पानी भर्न लाग्ने औषत दैनिक समय ........ *१७*
४.४ दैनिक आवश्यक पानीको परिमाण ........ *१८*
४.५ वर्षैभर खानेपानी उपलब्धताको अवस्था ........ *१९*
४.६ खानेपानीको वैकल्पिक श्रोत ........ *२०*
४.७ खानेपानी व्यवस्थापन संयन्त्र ........ *२१*
४.८ खानेपानीका लागि खर्च गर्ने तत्परताको अवस्था ........ *२२*
४.९ खानेपानीको गुणस्तर परिक्षणसम्बन्धी जानकारी ........ *२३*
४.१० खानेपानीको गुणस्तर परिक्षण गर्ने संस्थाको जानकारी ........ *२४*
४.११ खानेपानी परिक्षणको अभ्यास ........ *२५*
४.१२ खानेपानी सुद्धीकरण विधि ........ *२५*
४.१३ पानी शुद्धिकरण नगर्नुका कारण ........ *२६*
४.१४ फोहोर पानी व्यवस्थापन ........ *२७*

# परिच्छेद १ : परिचय

खानेपानी तथा सरसफाईसँग सम्बन्धित क्षेत्रको यथार्थपरक जानकारी दिन तयार गरिएको सूचनाको एकीकृत दस्तावेज खानेपानी तथा सरसफाई वस्तुगत विवरण (WASH Profile) हो । सिरहा नगरपालिकाले तयार गरेको यस दस्तावेज तयारीको पृष्ठभूमि, उद्देश्य, कानुनी तथा नीतिगत व्यवस्था, अध्ययन विधि र सीमालाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हकको प्रत्याभुती गर्नुका साथै आधारभूत स्वास्थ तथा सरसफाईलाई स्थानीय तहको एकल अधिकारको सूचीमा सूचीकृत गरेको छ । नेपालले लिएको दिगो विकास लक्ष्य तथा वर्तमान पन्धौं पञ्च वर्षिय योजनाले स्वच्छ खानेपानी तथा गुणस्तरीय सरसफाई सेवामा पहूँच विस्तारलाई उच्च प्राथमिकतामा राखेको देखिन्छ । नेपाल सरकारले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सरसफाईसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमनसहित खानेपानीको गुणस्तर कायम राख्ने जिम्मेवारी स्थानीय सरकारका रुपमा रहेको गाउँपालिका/नगरपालिकालाई सुम्पेको छ। वर्तमान पन्धौं पञ्चवर्षिय आवधिक योजनाले "स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सेवा" भन्ने सोचका साथ आधारभुतस्तरको खानेपानी र पुर्ण सरसफाईको सुविधाको विस्तारलाई उच्च महत्व दिएको छ । संघीय सरकारले हालसालै दक्षिण एसियाकै पहिला मुलुकका रुपमा खुला दिशामुक्त मुलुक घोषणा गरिसकेको परिपेक्षमा स्थानीय सरकारले अन्य तहको सरकारका अतिरिक्त सामुदायिक तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्यमा खानेपानी र सरसफाई सुविधाको विस्तार र गुणस्तर वृद्धिको क्षेत्रमा दिशामा पहल गर्नु जरुरी देखिन्छ ।

स्थानीय सरकारको जिम्मेवारीका रुपमा रहेको गुणस्तरीय तथा सर्वसुलभ खानेपानी र सरसफाईलाई विकास र समृद्धिको आधारका रुपमा रहेको छ । सरसफाई र खानेपानी सुविधा मानव स्वास्थ्यका लागि मात्र नभई सभ्य समाज, समृद्धि र मानव विकासका लागि अपरिहार्य पूर्वसर्त हो । गुणस्तरीय खानेपानी तथा सरसफाई सुविधामा पहूँचले बालमृत्यदर घटाउन तथा सरदर आयु वृद्धि गर्न प्रत्येक्ष सहयोग पुर्याउँछ। यसका अतिरिक्त नागरिकको समग्र स्वास्थ्य अवस्थामा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकुल सुधार गर्न महत्वपुर्ण सहयोग पुगेको देखिन्छ ।

खानेपानी तथा सरसफाईको सवाल स्थानीय सरकारको वार्षिक, आवधिक र रणनीतिक योजनाका अतिरिक्त अन्तरसरकारी, विकास साझेदार तथा समुदायको सरोकारको विषय हो । परम्परागत समाज र चेतनामा कमीका कारण स्वच्छ खानेपानी र गुणस्तरीय सरसफाईको क्षेत्रमा आशातित उपलब्धि हासिल गर्न चुनौति देखिएका छन् । नविन परिवेशमा स्वच्छ खानेपानीमा सहज पहूँच तथा गुणस्तरीय सरसफाई सुविधामा पहूँचको आम अपेक्षालाई स्थानीय सरकारको अग्रसरतामा सम्बोधन हुने विश्वास गरिएको छ ।

खानेपानी तथा सरसफाई क्षेत्रको क्षेत्रगत वस्तुगत विवरण तयारीका लागि सिरहा नगर कार्यपालिका कार्यालयको नेतृत्व, विकास साझोदार संस्था ध्भति ज्गलनभच ज्षीभ र सबल नेपालको आर्थिक सहयोग, सरोकारावालासँगको परामर्श तथा सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज (सिएसडिएस) प्रा.लि.को प्राविधिका सहयोगमा खानेपानी तथा सरसफाई वस्तुगत विवरण तयार गरिएको छ । खानेपानी तथा सरसफाईसँग सम्बन्धी समग्र सूचनालाई एकीकृत रुपमा प्रस्तुत गरी तयार गरिएको यस वस्तुगत विवरणको प्रतिवेदन स्थानीय सरकारको गठन भए पछिको पहिलो वस्तुगत विवरणको रुपमा रहेको छ । प्रतिवेदनमा सूचनालाई आवश्यकता अनुसार परिमार्जन र अध्यावधिक गर्दै लगिनेछ । यस प्रतिवेदनले खानेपानी तथा सरसफाई क्षेत्रको वार्षिक, आवधिक तथा क्षेत्रगत रणनीतिक योजना तर्जुमा र अनुगमन मूल्यांकनका लागि आवश्यक सूचना प्रदान गर्ने छ। आगामी दिनमा विकास साझेदार संस्था वा गैरसरकारी संस्थाको तर्फबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनाको तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि उपयोगी हुने विश्वास गरिएको छ ।

## १.२ वस्तुगत विवरणको उद्देश्य

खानेपानी तथा सरसफाई सम्बन्धीको यस अध्ययनको प्रमुख उद्देश्य नगरक्षेत्रको खानेपानी र सरसफाईको यथार्थ अवश्था दर्शाउने सूचना विश्लेषण गरी एकीकृत रुपमा प्रस्तुत गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) खानेपानी तथा सरसफाईसँग सम्बन्धी विद्यमान अवस्था झल्काउन आवश्यक तथ्याङ्क संकलन तथा विश्लेषण गरी खण्डिकृत रुपमा प्रस्तुत गर्ने ।

(ख) खानेपानी तथा सरसफाईको क्षेत्रसँग सम्बन्धित सम्भावना, अवसर, समश्या र चुनौतिलाई पहिचान गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ग) वार्षिक, आवधिक, विषय क्षेत्रगत रणनीतिक योजना लगायत विकास साझेदार संस्थाका तर्फबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजना तर्जुमा र अनुगमन मुल्याङ्कनका लागि आवश्यक सूचना उपलब्ध गराउने ।

## १.३ कानुनी तथा नीतिगत व्यवस्था

खानेपानी तथा सरसफाई वस्तुगत विवरण तयारी संवैधानिक रुपमा स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुने व्यवस्थालाई सुनिश्चित गर्न आवधिक, वार्षिक तथा विषय क्षेत्रगत रणनीतिक योजना तर्जुमाका लागि आधार रेखा सूचना उपलब्ध गराउँछ । वार्षिक, आवधिक र क्षेत्रगत रणनीतिक योजना तर्जुमा तथा वस्तुस्थिति विवरण (प्रोफाइल) तयारीका कानुनी तथा नीतिगत आधार पनि यस दस्तवेजका कानुनी तथा नीतिगत आधारहरु हुन् । यस प्रतिवेदन तयारीका कानुनी तथा नीतिगत आधारहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**(क) नेपालको संविधान :** धारा ३५ को उपधारा ४ को उपधारा ४ मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुने व्यवस्था गरिएको छ भने स्थानीय तथ्याङ्क संकलन तथा व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको रुपमा अनुसूची ८ मा राखेको छ ।

**(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ :** गाउँपालिका/नगरपालिकाको काम, कर्तव्य र अधिकारका रुपमा आधारभूत स्वास्थ्य र सरसफाईलाई लिई तथ्याङ्क संकलन र अद्यावधिक गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

**(ग) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४:** गाउँपालिका/नगरपालिकाले वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगतविवरण तयार वा अद्यावधिक गर्नु पर्नेछ भनी उल्लेख गरिएको छ ।

## १.४ अध्ययन विधि

यस वस्तुगत विवरणको प्रमुख श्रोतको रुपमा घरधुरी सर्वेक्षण रहेको छ ।सम्बन्धी दीगो विकास लक्ष्य, संघीय सरकारको प्राथमिकता, प्रदेश सरकारको नीतिहरु र स्थानीय सरकारको जिम्मेवारी र खानेपानी तथा सरसफाई सम्बन्धी वस्तुगत विवरणको महत्व र आवश्यकताबारे सहयोगी संस्था **सबल नेपालबाट** कार्यपालिका, स्वास्थ्य तथा सरसफाई लगायतका विषयगत शाखा र सहयोगी निकायका पदाधिकारीहरुलाई अनुशिक्षण गर्ने कार्य भएको थियो । साझा बुझाई निर्माण पश्चात घरधुरी सर्वेक्षण गर्न नगरपालिकाबाट छानिएका गणकहरुलाई तालिम दिई मोबाई एप्समा आधारित सर्वेक्षणका साथै लक्षित समुह छलफल र जानकार व्यक्ति अन्तवार्ता जस्ता विधि प्रयोग गरी विषयगत तथा वस्तुगत तथ्याङ्कलाई संकलन गरिएको थियो ।

### १.४.१ सर्वेक्षण औजार तयारी

खानेपानी तथा सरसफाई वस्तुगत विवरणको तयारीका लागि तथ्याङ्क संकलन साझा अवधारणा तयार भए पछि विषयवस्तुलाई समेटिने गरी परामर्शदाताको टोलीद्वारा तयार गरेको सर्वेक्षण प्रशनावलीलाई नगर कार्यपालिकासहित Welt Hunger Hilfe, सबल नेपाल समक्ष पेश गरी प्राप्त सुझावको आधारमा अन्तिम रुप दिइयो । यस क्रममा घरधुरी सर्वेक्षण फारम, अन्तरवार्ता सूची र लक्षित समुह छलफल सूची तयार गरिएको थियो । यसरी तयार गरिएको घरधुरी सर्वेक्षण फारमलाई **अनुसूची १** मा, अन्तरवार्ता सूचीलाई **अनुसूची २** मा र लक्षित समुह छलफल सूचीलाई

**अनुसूची ३** मा प्रस्तुत गरिएको छ । घरधुरी सर्वेक्षण फारमको प्रश्नावलीलाई Akvo Flow सफ्टवयरमा आधारित मोवाइल एप्लिकेसनमा तयार गरियो । एण्डरोइड मोवाइल मार्फत प्रश्नावलीलाई प्रयोगत गरी घरधुरी सर्वेक्षण गरिएको हो ।

## १.४.२ तथ्याङ्क संकलन

वडाध्यक्षले सिफारिस गरी नगरपालिकाले छानेका घरधुरी सर्वेक्षकहरुलाई २०७६ साल असार १२ गते सिरहाको मिर्चैयामा १ दिने तालिम दिइएको थियो । तालिम लिएका गणकहरुलाई एक दिन अभ्यास गराइ असार १४ गते सिरहामा पुन १ दिने तालिम दिइए पछि मात्र असार १५ गतेबाट घरधुरी सर्वेक्षण सुरु भएको हो । घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांकको सत्यता मापन गर्न वडास्तरमा समुहगत छलफल र पदाधिकारीहरुसँग अन्तरवार्ता लिने विधिको उपयोग गरियो । मोवाइल एपमा आधारित घरधुरी सर्वेक्षण फारमको माध्यमबाट हरेक घरपरिवारको विवरण संकलन गरिएको थियो । गणकहरुको सहजिकरणको लागि एक जना सुपरभाइजरको व्यवस्था गरिएकोले गणनाको क्रममा आई पर्ने व्यवधानहरुको लागि तत्काल समाधान गरिएको थियो । दुर्भाग्यबस, गणना सुरु भएको केहि दिन पश्चान तराईका जिल्लाम भिषण वर्षाको कारण बाढि आयो । बाढि र निरन्तर वर्षको कारण गणना कार्य अपेक्षकृत रुपमा ढिला हुन गएको थियो ।

## १.४.३ तथ्याङ्क विश्लेषण तथा व्यवस्थापन

विभिन्न विधिद्वारा संकलित तथ्याङ्कलाई डिजिटाइज गरी एकतृत गरिएको थियो । एकतृत तथ्याङ्कलाई परामर्श टोलीका विषय विज्ञद्वारा कम्प्युटरमा आधारित तथ्याङ्कशात्रीय विधिको प्रयोग गरी विश्लेषण गरिएको थियो । यस क्रमका, संकलन तथ्याङ्कमा रहेको असंगतीलाई समिक्षा गरी तथ्यपरक गराउने कार्य पनि गरियो । विश्लेषण गरिएको सूचनालाई वडागत विशेषता झल्काउने गरी प्रस्तुत गरिएको छ ।

## १.४.४ दस्तावेज तयारी तथा सुझाब संकलन

विश्लेषित तथ्याङ्कलाई सम्बन्धित विषयका विषय विज्ञको सहयोगमा सिलसिलेवार ढंगले तालिका तथा रेखा चित्रसमेतको प्रयोग गरी प्रस्तुत गरिएको छ । यसरी तयार गरिएको दस्तावेजलाई सरोकारवालामाझ सुझाव संकलनको लागि प्रस्तुत गरी आवश्यक सुझाब संकलन गरियो । विभिन्न माध्यमबाट प्राप्त सुझाबसमेतलाई सम्बोधन गरी दस्तावेजलाई अन्तिम रुप दिइएको थियो ।

## १.५ अध्ययनका सीमा

नगरपालिकाले तथ्याङ्क संकलन र व्यवस्थापनको वर्तमान आवश्यकता, उपलब्ध आर्थिक-भौतिक क्षमता, विद्यमान कानूनी तथा नीतिगत व्यवस्था तथा अनुभवका आधारमा यो प्रतिवेदन तयार गरेको छ । खानेपानी तथा सरसफाईको क्षेत्रमा यस खालको प्रतिवेदन तयारीको पहिलो अभ्यासका रुपमा रहेको छ । नगरपालिकाको आवश्यकता र सामर्थअनुसार सके सम्म भौगोलिक तथा सामाजिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत विवरण तयार गर्ने प्रयत्न गरिएको छ । तथ्याङ्क संकलनका क्रममा यथासम्भव उपयुक्त उत्तरदाताको जबाफ तथा समुहगत छलफलको निष्कर्श र आधिकारिक प्रतिवेदन तथा अभिलेखका तथ्यहरुलाई तथ्याङ्कका आधारका रुपमा लिइएको छ । यस प्रतिवेदनलाई नगरपालिकाको आवश्यकताअनुसार परिमार्जन गर्दै लगिनेछ । प्रतिवेदनमा उल्लेखित सूचकहरुको मान वा विवरण अन्य अध्ययन प्रतिवेदनको विवरणसँग हुबहु मेल खान वा नखान सक्नेछ ।

# परिच्छेद २ : अध्ययन क्षेत्रको चिनारी

यस परिच्छेदमा सिराह नगरपालिकाको भौगोलिक तथा राजनीतिक अवस्थिति, ऐतिहासिक पृष्ठभूमि तथा चिनारी, भूउपयोगको अवस्था  र मानव विकासको अवस्था सम्बन्धमा प्रस्तुत गरिएको छ।


## २.१ भौगोलिक अवस्थिति

सिराह नगरपालिका पूर्वी तराईको सिराह जिल्लाको दक्षिण भागमा अवस्थित रहेको छ। भौगोलिक अवस्थितिका हिसाबले २६ डिग्री ३५ मिनेट १८ सेकेण्ड उत्तर देखि २६ डिग्री ४२ मिनेट ५३ सेकेण्ड उत्तरी अक्षांश र ८६ डिग्री ८ मिनेट ४७ सेकेण्ड पूर्व देखि ८६ डिग्री १६ मिनेट १७ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ। कूल क्षेत्रफल ९४.२ वकिमि रहेको यस नगरपालिका सामुन्द्रिक सतह देखि करिब १०० मिटरको उचाईमा अवस्थित रहेको छ।

## २.२ राजनीतिक अवस्थिति

यस नगरपालिका प्रदेश नं. २ को सिराह जिल्लामा अवस्थितको नगरपालिकामा २२ वटा वडा रहेका छन्। सिराह जिल्लाको सदरमूकाम समेत रहेको यो नगरपालिका स्थानीय तह पुन:संरचनाका क्रममा वि.सं. २०७३ सालमा साविक सिराह नगरपालिका, लगडीगदीयानी गाविस, लक्ष्मनिया गाविस, सम्हैठा गाविस, लगडीगोठ गाविस र हक्पारा गाविस समेत मिलेर बनेको हो। यो क्षेत्र संघीय संसदको निर्वाचन प्रयोजनका लागि तय भएको ४ वटा निर्वाचन क्षेत्र मध्ये ३ नं क्षेत्र र प्रदेश सभाका लागि ३ (ख) अन्तरगत रहेको छ।

नक्शा १.१: सिरहा नगरपालिकाको अवस्थिति नक्शा




*श्रोत: संघीय मामिला तथा सामान्य प्रशासन मनत्रालयको वेवसाइट*

नगरपालिकाको पूर्वमा औरही गाउँपालिका र अर्नामा गाउँपालिका रहेको छ भने, दक्षिणमा मित्र राष्ट्र भारत, पश्चिममा धनुषा जिल्ला र उत्तरमा कल्याणपूर नगरपालिका र विष्णुपुर गाउँपालिका अवस्थित रहेको छ।

## २.३ ऐतिहासिक पृष्ठभूमि तथा चिनारी

सिराह नामाकरणको सम्बन्धमा रहेका विभिन्न भनाईहरु रहेका छन् । जसअनुसार धेरै वर्ष पहिले सबैलाई सहयोग गर्ने र आश्रय दिने सल्हेस नामका राजा थिए । आश्रय दिने भएकाले भारतवात व्यापार गर्न आउने व्यापारीहरुले जंगलै जंगल भएको यस क्षेत्रलाई सहारा भन्दा भन्दै अपभ्रंस हुँदै सिराह भएको किंवदन्ती रहेको छ। अर्को किंवदन्ती अनुसार यस ठाँउमा जंगल भएको र स्थानीय भाषामा रुखहा जरालाई शिर भनिने हुँदा जरै जार भएको ठाँउलाई शिर भन्दाभन्दै अपभ्रंस भएर सिराह भएको भन्ने भनाई पनि रहेको छ ।

एकीकरण पूर्व चौदण्डी राज्य अन्तरगत रहेको थियो । वि. सं. २०१८ सालमा ३४ जिल्लाबाट ७५ जिल्ला विभाजन गर्ने क्रममा यस क्षेत्रलाई साविक सप्तरी जिल्लाबाट टुक्राई सिराह जिल्लाका रुपमा नामाकरण गरिएको हो ।

## २.४ भूउपयोगको अवस्था

समथर तराईको धरातलिय स्वरुप रहेको यस क्षेत्र धरातलिय रुपमा एक रुप रहेका छ। नापी विभागले तयार गरेको तथ्याङ्कका आधारमा विश्लेषण गरिएको यस नगरपालिकामा खेती योग्य जमिन ९६ प्रतिशत रहेको छ भने २.३६ प्रतिशत रहेको छ। भुउपयोग सम्वन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका १: नगरपालिकाको भूउपयोग अवस्था*

| भूमिको प्रकार | क्षेत्रफल (वर्ग किमि) | प्रतिशत |
|---|---|---|
| खेति गरिएको जमिन | ९१.०० | ९६.६० |
| बगैचा | ०.२८ | ०.२९ |
| ताल तथा पानीले ढाकेको क्षेत्र | २.२२ | २.३६ |
| चरण क्षेत्र | ०.१९ | ०.२० |
| बगर क्षेत्र | ०.४९ | ०.५२ |
| खाली जमिन | ०.०२ | ०.०३ |
| **जम्मा** | ९४.२० | १००.०० |

*स्रोत: Land Resource Maping Project 1987, नापी विभाग*

## २.५ मानव विकासको अवस्था

नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार सिराह जिल्ला तत्कालिन ७५ जिल्ला मध्ये ६२ औं जिल्लाका रुपमा रहेको छ। यस प्रतिवेदन अनुसार सिराह जिल्लाको मानव विकास सुचकांक ०.४०८ रहेको छ भने यस जिल्लाको औषत आयु ७१.२९ वर्ष र प्रतिव्यक्ति आम्दानी ६८९ अमेरिक डलर रहेको छ। जिल्लाको हकमा तह भएको उपरोक्त मान यस नगरपालिकाको हकमा पनि सामान्यिकरण गर्न सकिन्छ।

# परिच्छेद ३ : जनसांख्यिक अवस्था

यस परिच्छेदमा नगरपालिकाको जनसांख्यिक अवस्थासँग सम्बन्धित वडागत जनसंख्या, घरधुरी, जातजातिगत वसोवास, धर्म, भाषा लगायतको जनसंख्या बनौट, संरचना तथा वितरण जस्ता विषयहरु समाविष्ट रहेका छन् ।

## ३.१ वडागत जनसंख्या


नगरपालिका भित्रको कूल १७८२८ घरपरिवारको ९८३९३ जनसंख्या मध्ये ४९३८३ महिला, ४९००० पुरुष र १० नखुलेको जनसंख्या रहेको देखिन्छ । वडागत रुपमा हेर्दा सबैभन्दा उच्च जनसंख्या वडा नं. ९ मा १३१५१ रहेको छ भने सबै भन्दा न्यून वडा नं. ८ मा २०१० रहेको देखिन्छ । जस अनुसार हालको औषत घरपरिवारको आकार ५.२४ र लैंगिक अनुपात ११७.५१ रहेको छ । औषत परिवारको आकार ५.४९ रहेको यस नगरपालिकामा लैगिंक अनुपात १०१.४४ रहेको छ । यससम्बन्धी वडागत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका २: वडागत जनसंख्या वितरणको अवस्था*

| वडा नं. | जनसंख्या तथा घरधुरी विवरण (संख्या) | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | नखुलेको | जम्मा | घरधुरी | औषत परिवार | लैङ्गिक अनुपात |
| १ | १३३९ | १५२० | | २८५९ | ६२० | ४.६१ | ८८.०९ |
| २ | २४७३ | २३९३ | | ४८६६ | ८६४ | ५.६३ | १०३.३४ |
| ३ | १०७७ | १०९१ | | २१६८ | ४३९ | ४.९४ | ९८.७२ |
| ४ | २४०१ | २५४८ | | ४९४९ | ७७१ | ६.४२ | ९४.२३ |
| ५ | १०८४ | १०४४ | | २१२८ | ४६६ | ४.५७ | १०३.८३ |
| ६ | २४२७ | १७९८ | २ | ४२२७ | ९१३ | ४.६३ | १३४.९८ |
| ७ | २००७ | १९५१ | | ३९५८ | ९०३ | ४.३८ | १०२.८७ |
| ८ | १०३४ | ९७६ | | २०१० | ५३९ | ३.७३ | १०५.९४ |
| ९ | ६४५९ | ६६९१ | १ | १३१५१ | ८३७ | १५.७१ | ९६.५३ |
| १० | १६१० | १४२० | | ३०३० | ७३५ | ४.१२ | ११३.३८ |
| ११ | १६५९ | १८३८ | १ | ३४९८ | ७४६ | ४.६९ | ९०.२६ |
| १२ | ३१९४ | २९६५ | २ | ६१६१ | १३३५ | ४.६१ | १०७.७२ |
| १३ | १५७९ | १४४७ | | ३०२६ | ५१४ | ५.८९ | १०९.१२ |
| १४ | १५२९ | १७७१ | | ३३०० | ७१४ | ४.६२ | ८६.३४ |
| १५ | १४४० | १५६२ | १ | ३००३ | ५८५ | ५.१३ | ९२.१९ |
| १६ | २४४१ | २७१७ | १ | ५१५९ | १०६२ | ४.८६ | ८९.८४ |
| १७ | २६४८ | २४५० | | ५०९८ | ८७३ | ५.८४ | १०८.०८ |
| १८ | २५६५ | २४०५ | | ४९७० | ९२६ | ५.३७ | १०६.६५ |
| १९ | ३१८३ | २७७५ | | ५९५८ | ११९८ | ४.९७ | ११४.७० |
| २० | २६७० | २९५५ | २ | ५६२७ | १०३७ | ५.४३ | ९०.३६ |
| २१ | २०४२ | २२०० | | ४२४२ | ७९३ | ५.३५ | ९२.८२ |
| २२ | २५२२ | २४८३ | | ५००५ | ९५८ | ५.२२ | १०१.५७ |
| कूल | ४९३८३ | ४९००० | १० | ९८३९३ | १७८२८ | ५.४९ | १०१.४४ |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

*चित्र नं. १: लैगिंकताका आधारमा जनसंख्या विवरण*




*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

## ३.२ जातजातिगत जनसंख्या

जातजातिगत आधारमा जनसंख्याको स्थिति हेर्दा यस नगरपालिकामा सबैभन्दा बढी तराई अन्य ५४.१२ प्रतिशत जनसंख्याको बसोबास रहेको देखिन्छ । त्यसैगरी तराई दलित २२.६३ प्रतिशत र मुस्लिम १३.२५ प्रतिशत रहेको छ । जातजातीगत आधारमा जनसंख्यालाई वडागत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

*तालिका ३: जातिगत आधारमा जनसंख्या विवरण*

| वडा नं. | जातजातिगत जनसंख्या विवरण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तराई ब्राम्हण, क्षेत्री, राजपुत | पहाडी ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी | तराई आदिवासी, जनजाति | पहाडी आदिवासी, जनजाति | तराई दलित | पहाडी दलित | मुस्लिम | तराइ अन्य | पहाडी अन्य | |
| १ | ४० | ५० | ६ | ० | ७८९ | ० | १० | १८६७ | ९७ | २८५९ |
| २ | ० | ० | ५० | ४ | ६१८ | ० | ७६ | ४१०९ | ९ | ४८६६ |
| ३ | ९ | ० | १०२३ | २१ | ३४४ | ० | १ | ७६२ | ८ | २१६८ |
| ४ | ० | ० | १७ | ५ | २२ | ९ | ४८९२ | ४ | ० | ४९४९ |
| ५ | ० | ० | ० | ० | ८४१ | ० | २६० | १०२७ | ० | २१२८ |
| ६ | १९ | १० | ६१ | २० | १५७४ | १५ | १०० | २४२२ | ६ | ४२२७ |
| ७ | १२९ | ० | १९ | ४ | १५०४ | ३ | २०३ | २०५३ | ४३ | ३९५८ |
| ८ | ४ | ० | ४६ | ० | ४५५ | ० | ३१९ | ११७४ | १२ | २०१० |
| ९ | ४३ | १० | ९९५ | ० | २९८७ | १९ | १२०५ | ७८४७ | ४५ | १३१५१ |
| १० | ० | ० | १७१९ | ५ | ११५१ | ० | ० | १५५ | ० | ३०३० |
| ११ | ० | ११ | १११६ | ९३ | ७७६ | २ | १६२ | १३२३ | १५ | ३४९८ |
| १२ | १२७ | ६ | १२९ | १६ | ९९२ | १२ | १९३९ | २९३७ | ३ | ६१६१ |
| १३ | २० | ० | ४५ | ० | ६६३ | ६ | १६८ | २११९ | ५ | ३०२६ |
| १४ | ३८ | ० | ११०४ | २४ | ११३६ | २ | ३५० | ६४६ | ० | ३३०० |
| १५ | ० | ८ | ५१ | ० | १६० | ० | ० | २७८२ | २ | ३००३ |
| १६ | ४६ | ३५ | १४२ | ७ | ११७६ | १२ | २४४० | १३०१ | ० | ५१५९ |
| १७ | ६३ | ६ | ० | ० | १६६३ | ० | ५३ | ३२९९ | १४ | ५०९८ |

| वडा नं. | जातजातिगत जनसंख्या विवरण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तराई ब्राम्हण, क्षेत्री, राजपुत | पहाडी ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी | तराई आदिवासी, जनजाति | पहाडी आदिवासी, जनजाति | तराई दलित | पहाडी दलित | मुस्लिम | तराइ अन्य | पहाडी अन्य | |
| १८ | ४ | ० | ४५२ | १३ | ६१८ | ३ | ० | ३८२३ | ५७ | ४९७० |
| १९ | ४ | ० | ० | ० | ९५६ | १३ | ९२ | ४८९३ | ० | ५९५८ |
| २० | ६ | ० | ३६ | ० | १३७१ | ५ | ६४१ | ३५६८ | ० | ५६२७ |
| २१ | ५ | १२ | ८५५ | २८ | १५७६ | ० | ५३ | १७०४ | ९ | ४२४२ |
| २२ | १८ | ० | ५७५ | ६ | ८९६ | १० | ६१ | ३४३९ | ० | ५००५ |
| **कूल** | **५७५** | **१४८** | **८४४१** | **२४६** | **२२२६८** | **१११** | **१३०२५** | **५३२५४** | **३२५** | **९८३९३** |
| **प्रतिशत** | **०.५८** | **०.१५** | **८.५८** | **०.२५** | **२२.६३** | **०.११** | **१३.२४** | **५४.१२** | **०.३३** | **१००.००** |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

## ३.२ जातजातिगत घरधुरी संख्या

कूल घरधुरी संख्या १७८२८ रहेको यस नगरपालिकामा जातजातिगत आधारमा घरपरिवारको स्थिति हेर्दा घरमुलीको जात वा जातियताका आधारमा सबैभन्दा बढी तराई अन्यको ५३.३२ प्रतिशत घरपरिवारको बसोबास रहेको छ। दोस्रो अधिक घरधुरी संख्या तराई दलित २६.८३ प्रतिशत रहेको छ। जातजातीगत आधारमा घरपरिवारलाई वडागत रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

***तालिका ४: जातिगत आधारमा घरधुरी विवरण***

| वडा नं. | जातजातिगत घरधुरी विवरण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तराई ब्राम्हण, क्षेत्री, राजपुत | पहाडी ब्राम्हण, क्षेत्री, ठकुरी, सन्यासी | तराई आदिवासी, जनजाति | पहाडी आदिवासी, जनजाति | तराई दलित | पहाडी दलित | मुस्लिम | तराई अन्य | पहाडी अन्य | |
| १ | ११ | १० | ३ | | १६६ | | १ | ४०२ | २७ | ६२० |
| २ | | | ७ | १ | ११९ | | १३ | ७२२ | २ | ८६४ |
| ३ | २ | | २१९ | ३ | ६९ | | | १४४ | २ | ४३९ |
| ४ | | | ३ | १ | ४ | १ | ७६१ | १ | | ७७१ |
| ५ | | | | | १८३ | | १११ | १७२ | | ४६६ |
| ६ | ५ | १ | ९ | ४ | ३३७ | ४ | २३ | ५२८ | २ | ९१३ |
| ७ | २८ | | २ | १ | ३१८ | १ | ४६ | ५०१ | ६ | ९०३ |
| ८ | १ | | ९ | | १४७ | १ | ५८ | ३१८ | ५ | ५३९ |
| ९ | १ | १ | | | १२३ | २ | ३६ | ६७१ | ३ | ८३७ |
| १० | २ | | ४०० | १ | ३०८ | | | २४ | | ७३५ |
| ११ | | २ | २०८ | १४ | १९१ | १ | २९ | २९६ | ५ | ७४६ |
| १२ | २२ | १ | १९ | २ | ३३४ | २ | ३४२ | ६१२ | १ | १,३३५ |
| १३ | २ | | ७ | | ११० | १ | २२ | ३७१ | १ | ५१४ |
| १४ | ७ | | २२३ | ५ | २५६ | १ | ७० | १५२ | | ७१४ |
| १५ | | १ | ८ | | ३२ | | ३ | ५३८ | ३ | ५८५ |
| १६ | ११ | ७ | ३३ | १ | २६१ | ३ | ४९७ | २४९ | | १,०६२ |
| १७ | ७ | १ | | | ३१३ | | ११ | ५३९ | २ | ८७३ |
| १८ | १ | | ७२ | ३ | १०३ | १ | | ७३८ | ८ | ९२६ |
| १९ | २ | | | | २०० | २ | १६ | ९७७ | १ | १,१९८ |
| २० | १ | | ५ | | २६६ | १ | ११५ | ६४९ | | १,०३७ |
| २१ | १ | ३ | १६४ | ६ | ३०२ | | ८ | ३०७ | २ | ७९३ |
| २२ | ४ | | १०४ | १ | २३९ | २ | १३ | ५९५ | | ९५८ |
| **कूल** | **१०८** | **२७** | **१,४९५** | **४३** | **४,३८१** | **२३** | **२,१७५** | **९,५०६** | **७०** | **१७,८२८** |
| **प्रतिशत** | **०.६१** | **०.१५** | **८.३९** | **०.२४** | **२४.५७** | **०.१३** | **१२.२** | **५३.३२** | **०.३९** | **१००** |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

## ३.३ धर्मअनुसार जनसंख्या तथा घरधुरी संख्या


नगर क्षेत्रमा ८६.७७ प्रतिशत हिन्दु, १३.०३ प्रतिशत ईस्लाम र ०.०१ प्रतिशत ईसाइ धर्म मान्नेहरु रहेको देखिन्छ। घरमुलीका आधारमा घरपरिवारको वर्गिकरण गर्दा ८७.७ प्रतिशत हिन्दु, १२ प्रतिशत ईस्लाम र ०.०१ ईसाइ धर्म मान्नेहरु रहेका छन्। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ।

*तालिका ५: धर्म अनुसार जनसंख्या तथा घरधुरी विवरण*

| वडा नम्बर | धर्मअनुसार जनसंख्या | | | | | | | धर्मअनुसार घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | हिन्दु | बौद्ध | ईस्लाम | जैन | इसाई | सिख | जम्मा | हिन्दु | बौद्ध | ईस्लाम | जैन | इसाई | सिख | जम्मा |
| १ | २८३५ | ० | ३ | ४ | ५ | १२ | २८५९ | ६१५ | ० | २ | १ | १ | १ | ६२० |
| २ | ४७९४ | ० | ७० | | ० | २ | ४८६६ | ८५१ | ० | १२ | | ० | १ | ८६४ |
| ३ | २१४९ | ० | ४ | १० | ० | ५ | २१६८ | ४३६ | ० | १ | १ | ० | १ | ४३९ |
| ४ | ४१ | ० | ४९०८ | | ० | ० | ४९४९ | ७ | ० | ७६४ | | ० | | ७७१ |
| ५ | १८७० | ० | २५२ | | ० | ६ | २१२८ | ३५८ | ० | १०७ | | ० | १ | ४६६ |
| ६ | ४११० | ० | १०० | १७ | ० | ० | ४२२७ | ८८८ | ० | २३ | २ | ० | | ९१३ |
| ७ | ३७५५ | ० | १९५ | | ८ | ० | ३९५८ | ८५५ | ० | ४६ | | २ | | ९०३ |
| ८ | १७२३ | ० | २८७ | | ० | ० | २०१० | ४८६ | ० | ५३ | | ० | | ५३९ |
| ९ | ११९७८ | ० | ११७० | | ० | ३ | १३१५१ | ८०१ | ० | ३६ | | ० | | ८३७ |
| १० | ३०३० | ० | ० | | ० | ० | ३०३० | ७३५ | ० | | | ० | | ७३५ |
| ११ | ३३६० | ० | १३८ | | ० | ० | ३४९८ | ७१८ | ० | २८ | | ० | | ७४६ |
| १२ | ४२२८ | ५ | १९१८ | ४ | ६ | ० | ६१६० | ९९३ | २ | ३३७ | १ | २ | | १,३३५ |
| १३ | २८१४ | ० | २१२ | | ० | ० | ३०२६ | ४८४ | ० | ३० | | ० | | ५१४ |
| १४ | २९४३ | ० | ३५६ | | १ | ० | ३३०० | ६४२ | ० | ७१ | | १ | | ७१४ |
| १५ | २९७४ | ० | २९ | | ० | ० | ३००२ | ५७७ | ० | ८ | | ० | | ५८५ |
| १६ | २७३५ | ० | २३५५ | | ६९ | ० | ५१५९ | ५७० | ० | ४७४ | | १८ | | १,०६२ |
| १७ | ५०३१ | ४ | ५० | ३ | ६ | ४ | ५०९८ | ८५७ | १ | ११ | १ | २ | १ | ८७३ |
| १८ | ४९७० | ० | ० | | ० | ० | ४९७० | ९२६ | ० | | | ० | | ९२६ |
| १९ | ५९४६ | ५ | ३ | ४ | ० | ० | ५९५८ | १,१९४ | १ | १ | १ | १ | | ११९८ |
| २० | ४९७४ | ० | ६५३ | | ० | ० | ५६२७ | ९२० | ० | ११७ | | ० | | १०३७ |
| २१ | ४१८९ | ० | ५३ | | ० | ० | ४२४२ | ७८५ | ० | ८ | | ० | | ७९३ |
| २२ | ४९३० | ९ | ६१ | | ५ | ० | ५००५ | ९४१ | २ | १३ | | १ | १ | ९५८ |
| कूल | ८५३७९ | २३ | १२८१७ | ४२ | १०० | ३२ | ९८३९३ | १५६३९ | ६ | २,१४२ | ७ | २८ | ६ | १७८२८ |
| प्रतिशत | ८६.७७ | ०.०२३ | १३.०३ | ० | ०.१०२ | ०.०३ | १०० | ८७.७२ | ०.०३ | १२.०१ | ०.०४ | ०.१६ | ०.०३ | १०० |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

*चित्र नं. २: धर्मका आधारमा जनसंख्या*



## ३.४ लैंगिकताका आधारमा घरमुली विवरण

लैगिंकताका आधारमा घरमुलीको अवस्था हेर्दा प्रतिशत घरमा पुरुष घरमुली र प्रतिशत घरमा महिला घरमुली रहेको देखिन्छ । यस सम्बन्धी वडागत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ६: घरमुलीका आधारमा घरधुरी विवरण*

| वडा नं. | लैङ्गिकताका आधारमा घरमुली संख्या | | | जम्मा |
|---|---|---|---|---|
| | पुरुष | महिला | नखुलेको | |
| १ | २६५ | ३५५ | | ६२० |
| २ | ४३८ | ४२६ | | ८६४ |
| ३ | २३३ | २०६ | | ४३९ |
| ४ | २८५ | ४८६ | | ७७१ |
| ५ | १९९ | २६७ | | ४६६ |
| ६ | ६५८ | २५३ | २ | ९१३ |
| ७ | ५६९ | ३३४ | | ९०३ |
| ८ | ३४२ | १९७ | | ५३९ |
| ९ | ३८० | ४५७ | | ८३७ |
| १० | ४६० | २७५ | | ७३५ |
| ११ | १११ | ६३४ | १ | ७४६ |
| १२ | ७५३ | ५८० | २ | १३३५ |
| १३ | २४१ | २७३ | | ५१४ |
| १४ | २९४ | ४२० | | ७१४ |
| १५ | १३७ | ४४७ | १ | ५८५ |
| १६ | ४४२ | ६१९ | १ | १०६२ |
| १७ | ४२५ | ४४८ | | ८७३ |
| १८ | ५२८ | ३९८ | | ९२६ |
| १९ | ६१५ | ५८३ | | ११९८ |
| २० | ११७ | ९१८ | २ | १०३७ |
| २१ | २४४ | ५४९ | | ७९३ |
| २२ | २३९ | ७१८ | १ | ९५८ |
| **जम्मा** | ७९७५ | ९८४३ | १० | १७८२८ |
| **प्रतिशत** | ४४.७३ | ५५.२१ | ०.०६ | १००.०० |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

## ३.५ उमेरअनुसार जनसंख्या

उमेर तथा लिंगका आधारमा जनसंख्याको स्थिति हेर्दा उमेर समुह अनुसार ५ वर्षमुनिको १५९३५ र ९१ वर्ष वा सो भन्दा माथिको जनसंख्या १०६ रहेको देखिन्छ। लैंगिकताका आधारमा उमेर समुह र वडा अनुसारको विवरण **अनुसूची ४** मा प्रस्तुत गरिएको छ । उमेर तथा लैगिंकताका आधारमा जनसंख्याको विवरण देहाय बमोजिम रहेको छ ।

*तालिका ७: उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण*

| उमेर समुह | लैगिंकताका आधारमा जनसंख्या | | | .......उमेर समुह | .......लैगिंकताका आधारमा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|
| | लैंगिकता | जम्मा | प्रतिशत | | लैंगिकता | जम्मा | प्रतिशत |
| १-५ | जम्मा | १५९३९ | १६.२० | ५१-५५ | जम्मा | २७६२ | २.८१ |
| | महिला | ६८८३ | ७.०० | | महिला | १५३० | १.५५ |
| | पुरुष | ९०५६ | ९.२० | | पुरुष | १२३१ | १.२५ |
| | नखुलेको | | | | नखुलेको | १ | ०.०० |
| ६-१० | जम्मा | ११२८४ | ११.४७ | ५६-६० | जम्मा | २८७५ | २.९२ |
| | महिला | ५०३७ | ५.१२ | | महिला | १६३७ | १.६६ |
| | पुरुष | ६२४७ | ६.३५ | | पुरुष | १२३८ | १.२६ |
| ११-१५ | जम्मा | ९२०२ | ९.३५ | ६१-६५ | जम्मा | १९०४ | १.९४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | ४२०९ | ४.२८ | | महिला | १०४३ | १.०६ |
| | पुरुष | ४९९३ | ५.०७ | | पुरुष | ८६० | ०.८७ |
| | | | | | नखुलेको | १ | ०.०० |
| १६-२० | जम्मा | ९८१५ | ९.९८ | ६६-७० | जम्मा | २००९ | २.०४ |
| | महिला | ४५३० | ४.६० | | महिला | ११०० | १.१२ |
| | पुरुष | ५२८४ | ५.३७ | | पुरुष | ९०९ | ०.९२ |
| | नखुलेको | १ | ०.०० | | | | |
| २१-२५ | जम्मा | ९२८२ | ९.४३ | ७१-७५ | जम्मा | ११०० | १.१२ |
| | महिला | ४६४५ | ४.७२ | | महिला | ५५८ | ०.५७ |
| | पुरुष | ४६३७ | ४.७१ | | पुरुष | ५४१ | ०.५५ |
| | | | | | नखुलेको | १ | ०.०० |
| २६-३० | जम्मा | ८९२७ | ९.०७ | ७६-८० | जम्मा | ४७३ | ०.४८ |
| | महिला | ४८९५ | ४.९७ | | महिला | २४६ | ०.२५ |
| | पुरुष | ४०३२ | ४.१० | | पुरुष | २२७ | ०.२३ |
| ३१-३५ | जम्मा | ७०३१ | ७.१५ | ८१-८५ | जम्मा | १४३ | ०.१५ |
| | महिला | ४०६३ | ४.१३ | | महिला | ६८ | ०.०७ |
| | पुरुष | २९६७ | ३.०२ | | पुरुष | ७५ | ०.०८ |
| | नखुलेको | १ | ०.०० | | | | |
| ३६-४० | जम्मा | ६८८७ | ७.०० | ८६-९० | जम्मा | ८१ | ०.०८ |
| | महिला | ३९३८ | ४.०० | | महिला | ३५ | ०.०४ |
| | पुरुष | २९४७ | ३.०० | | पुरुष | ४६ | ०.०५ |
| | नखुलेको | २ | ०.०० | | | | |
| ४१-४५ | जम्मा | ४६०५ | ४.६८ | ९१ भन्दा माथी | जम्मा | १०६ | ०.११ |
| | महिला | २६१४ | २.६६ | | महिला | ५२ | ०.०५ |
| | पुरुष | १९९० | २.०२ | | पुरुष | ५३ | ०.०५ |
| | नखुलेको | १ | ०.०० | | नखुलेको | १ | ०.०० |
| ४६-५० | जम्मा | ३९६८ | ४.०३ | **कूल जम्मा** | | **९८३९३** | **१००** |
| | महिला | २३०० | २.३४ | | | | |
| | पुरुष | १६६७ | १.६९ | | | | |
| | नखुलेको | १ | ०.०० | | | | |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

## ३.६ साक्षरताको अवस्था

यस गाउँपालिकाको साक्षरताको स्थिति हेर्दा ६९.२५ प्रतिशत साक्षरता रहेको देखिन्छ । जसअनुसार पुरुष साक्षरता ७९.२६ प्रतिशत र महिला साक्षरता ५९.७१ प्रतिशत रहेको छ भने २७.७३ प्रतिशत निरक्षरता अझै कायम रहेको छ । कम उमरको जनसंख्या ११.०६ र नखुलेको जनसंख्या २.६६ रहेको छ । साक्षरता सम्बन्धी वडागत विवरण देहाय प्रस्तुत गरिएको छ ।


**तालिका ८: साक्षरताको अवस्था (प्रतिशतमा)**

| वडा नं. | साक्षर | | | | निरक्षर | | | | नखुलेको | | | कम उमेर | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | जम्मा | महिला | पुरुष | अन्य | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ९४७ | ११६० | ० | २१०७ | २९८ | १०४ | | ४०२ | ४ | १३ | १७ | ९० | २४३ | ३३३ | २८५९ |
| २ | १३८२ | १७७५ | ० | ३१५७ | ८५३ | २९४ | | ११४७ | ४० | ५२ | ९२ | १९८ | २७२ | ४७० | ४८६६ |
| ३ | ६०८ | ७६३ | ० | १३७१ | २९५ | १०३ | | ३९८ | १२१ | १३१ | २५२ | ५३ | ९४ | १४७ | २१६८ |
| ४ | १५३७ | १९३९ | ० | ३४७६ | ५२४ | २४९ | | ७७३ | ७ | १० | १७ | ३३३ | ३५० | ६८३ | ४९४९ |
| ५ | ५३८ | ६७२ | ० | १२१० | ४२३ | २१० | | ६३३ | ८ | १३ | २१ | ११५ | १४९ | २६४ | २१२८ |
| ६ | १२२३ | १२३१ | २ | २४५६ | ९६९ | २३४ | | १२०३ | ३३ | ३८ | ७१ | २०२ | २९५ | ४९७ | ४२२७ |
| ७ | १३४३ | १४९० | ० | २८३३ | ४१० | १३१ | | ५४१ | २३ | २६ | ४९ | २३१ | ३०४ | ५३५ | ३९५८ |
| ८ | ५४५ | ७१३ | ० | १२५८ | ३८३ | १५४ | | ५३७ | २ | ३ | ५ | १०४ | १०६ | २१० | २०१० |

| वडा नं. | साक्षर | | | | निरक्षर | | | | नखुलेको | | | कम उमेर | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | जम्मा | महिला | पुरुष | अन्य | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| ९ | ३२४७ | ४३०४ | १ | ७५५२ | २३०२ | ११९८ | | ३५०० | २३४ | ११० | ३४४ | ६७६ | १०७९ | १७५५ | १३१५१ |
| १० | ६६० | ८६१ | ० | १५२१ | ७५४ | ३६२ | | १११६ | २६ | २३ | ४९ | १७० | १७४ | ३४४ | ३०३० |
| ११ | ९२८ | १२९७ | १ | २२२६ | ६११ | ३९८ | | १००९ | ४ | ३ | ७ | ११६ | १४० | २५६ | ३४९८ |
| १२ | १७४० | १८६६ | ० | ३६०६ | १०९७ | ५८४ | २ | १६८३ | ७६ | ४१ | ११७ | २८१ | ४७४ | ७५५ | ६१६१ |
| १३ | ८२८ | ९९३ | ० | १८२१ | ४६९ | १७५ | | ६४४ | ९९ | ५५ | १५४ | १८३ | २२४ | ४०७ | ३०२६ |
| १४ | ७६७ | १०४८ | ० | १८१५ | ५८६ | ४८४ | | १०७० | ७ | ७ | १४ | १६९ | २३२ | ४०१ | ३३०० |
| १५ | ७८७ | ११२६ | १ | १९१४ | ४११ | २२४ | | ६३५ | २२ | १४ | ३६ | २२० | १९८ | ४१८ | ३००३ |
| १६ | १११६ | १४५० | ० | २५६६ | ८०१ | ६१८ | १ | १४२० | २१८ | ९७ | ३१५ | ३०६ | ५५२ | ८५८ | ५१५९ |
| १७ | १३३३ | १६७५ | ० | ३००८ | १०४९ | ४१८ | | १४६७ | २६ | २६ | ५२ | २४० | ३३१ | ५७१ | ५०९८ |
| १८ | १४३८ | १८१५ | ० | ३२५३ | ३७६ | १२९ | | ५०५ | ५२६ | १७८ | ७०४ | २२५ | २८३ | ५०८ | ४९७० |
| १९ | १६६८ | २०१३ | ० | ३६८१ | १२०० | ३९१ | | १५९१ | ३१ | ४३ | ७४ | २८४ | ३२८ | ६१२ | ५९५८ |
| २० | १४०७ | १९४८ | १ | ३३५६ | ८७५ | ६४० | १ | १५१६ | ६४ | ६१ | १२५ | ३२४ | ३०६ | ६३० | ५६२७ |
| २१ | ९७३ | १४४१ | ० | २४१४ | ७९८ | ३५० | | ११४८ | ४८ | ३१ | ७९ | २२३ | ३७८ | ६०१ | ४२४२ |
| २२ | १४७२ | १९११ | ० | ३३८३ | ७५७ | ३२४ | | १०८१ | १५ | १२ | २७ | २७८ | २३६ | ५१४ | ५००५ |
| जम्मा | २६,४८७ | ३३,४९१ | ६ | ५९,९८४ | १६,२४१ | ७,७७४ | ४ | २४,०१९ | १,६३४ | ९८७ | २,६२१ | ५,०२१ | ६,७४८ | ११,७६९ | ९८,३९३ |
| प्रतिशत | ५९.७१ | ७९.२६ | ६० | ६९.२५ | ३६.६१ | १८.४ | ४० | २७.७३ | ३.३१ | २.०१ | २.६६ | १०.१७ | १३.७७ | ११.९६ | १०० |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

*चित्र नं. ३: साक्षरताको अवस्था*




## ३.७ शैक्षिकस्तर अनुसार जनसंख्या विवरण

शैक्षिक स्तर अनुसार गाउँपालिकाको जनसंख्या हेर्दा १२.२० प्रतिशत पूर्वप्राथमिक, ४९.७७ प्रतिशत आधारभूत तह, २८.९७ माध्यमिक तह, ४.८५ स्नातक तह, १.०७ स्नातकोत्तर वा माथिल्लो तह र २.०६ प्रतिशत जनसंख्या प्राविधिक एसएलसी अध्ययन गरेको देखिन्छ। लैङ्गिकताका आधारमा यस सम्बन्धी वडागत विवरण देहाय **अनुसूची ५** मा प्रस्तुत गरिएको छ। शैक्षिक स्तर अनुसार वडागत विवरणको संक्षेप देहाय बमोजिम रहेको छ।


*तालिका ९: शैक्षिकस्तर अनुसार जनसंख्या विवरण*

| वडा नं. | पुर्व प्राथमिक | आधारभूत तह | माध्यमिक तह | स्नातक तह | स्नातकोत्तर वा माथी | प्राविधिक SLC | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १४६ | ७६० | ७८१ | २२७ | ६३ | २० | २०६० |
| २ | ३८५ | १२८२ | १०३४ | २०१ | २६ | ९ | २९६३ |
| ३ | ६८ | ६९७ | ४४२ | ५१ | ११ | ६८ | १३४८ |
| ४ | ७८९ | १५२३ | ४४४ | ८० | १८ | ४१ | २९१३ |
| ५ | १८७ | ५२७ | २७४ | ४४ | ९ | १८ | १०६८ |
| ६ | ४९५ | ९२० | ५३९ | ८२ | ११ | ५२ | २११० |
| ७ | १४३ | १०९७ | ७५२ | २३८ | ४१ | ७८ | २३९० |

| वडा नं. | पुर्व प्राथमिक | आधारभूत तह | माध्यमिक तह | स्नातक तह | स्नातकोत्तर वा माथी | प्राविधिक SLC | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| ८ | १५९ | ४९७ | ४६६ | ५१ | १६ | १४ | १२१९ |
| ९ | ८२९ | ३५७३ | २२२८ | ३०० | ८१ | २९ | ७१२१ |
| १० | २१५ | ८२२ | ३९१ | ३१ | १ | ४ | १४६५ |
| ११ | २७३ | ७७१ | ४६७ | ६० | ७ | ४ | १५८९ |
| १२ | २८४ | २१२२ | ९५६ | १०३ | २१ | ११ | ३५१८ |
| १३ | २६२ | ७७१ | ४३१ | ९२ | १६ | ८५ | १६७३ |
| १४ | १०१ | ९४२ | ४३८ | ४७ | २१ | २२८ | १७९८ |
| १५ | ११३ | ९७५ | ५८५ | ५० | ९ | १९ | १७६० |
| १६ | १९३ | १३०३ | ६४५ | १२९ | ३६ | ७८ | २४२० |
| १७ | २०१ | १२४१ | १०३१ | २०२ | ३१ | ३ | २७४० |
| १८ | ४०७ | १४१८ | ९३५ | १५९ | ३० | ३८ | ३०१७ |
| १९ | ३७३ | १८२० | ९८३ | १९८ | ४३ | ७८ | ३५३८ |
| २० | ३७९ | १५०९ | ४६१ | ८५ | १८ | २० | २४९० |
| २१ | २३४ | १०८६ | ४०५ | ८७ | ३३ | १७१ | २०४९ |
| २२ | ३९४ | १३८८ | १०५३ | १२१ | ४० | ५१ | ३०८७ |
| कुल | ६,६३० | २७,०४४ | १५,७४१ | २,६३८ | ५८२ | १,११९ | ५४३३६ |
| प्रतिशत | १२.२० | ४९.७७ | २८.९७ | ४.८५ | १.०७ | २.०६ | १००.०० |

*स्रोतः घरधुरी सर्वेक्षण, २०७६*

*चित्र नं. ४: शैक्षिकस्तर अनुसार जनसंख्या*




## ३.८ पेशाका आधारमा जनसंख्या

कूल जनसंख्या ९८३९३ मध्ये ९.४३ प्रतिशत जनसंख्याको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ। नगरपालिका क्षेत्रमा २९.४५ प्रतिशत विद्यार्थी, १३.०५ कम उमेर र १८ प्रतिशत गृहिणी रहेको देखिन्छ। बैदेशीक रोजगारी, अदक्ष श्रमिक, दक्ष कामदारकारुपमा क्रमशः १०.०१, ३.४२ र ०.८५ प्रतिशत रहेका छन्। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

*तालिका १०: प्रमुख पेशा अनुसार जनसंख्या*

| वडा नं. | पेशाका आधारमा जनसंख्या | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि र पशु | व्यापार | नोकरी | बैदेशिक रोजगार | गृहिणी | अन्य | पेन्सन | जेष्ठ नागरिक | दक्ष कामदार | विद्यार्थी | कम उमेर | बेरोजगार | अदक्ष श्रमिक | |
| १ | १६१ | २४१ | १२२ | १८४ | ५५३ | २६ | ४१ | ३५ | १८ | ८९६ | ३४४ | ८१ | १५७ | २८५९ |
| २ | २९९ | २१९ | १४१ | ३४७ | १०१७ | १४२ | ८८ | १४२ | १२२ | १४८४ | ५०८ | १५६ | २०१ | ४८६६ |
| ३ | ८८ | ३८ | ५५ | २९१ | ४४७ | ९ | ३ | ६१ | १४ | ६७६ | २८५ | १२५ | ७६ | २१६८ |
| ४ | ११७ | ५२ | ७३ | ७०५ | ९७१ | ११ | ४ | ६७ | १२ | १७६१ | ७६७ | ३४५ | ६४ | ४९४९ |
| ५ | १५३ | २५ | २३ | २२६ | ३६६ | ३२ | ८ | ८४ | ५ | ६०८ | २९० | १५७ | १५१ | २१२८ |
| ६ | २५१ | ५० | ७७ | ५७५ | १०३६ | २२ | १८ | १७५ | ३६ | ९३० | ५४९ | ३७१ | १३७ | ४२२७ |

| वडा नं. | पेशाका आधारमा जनसंख्या | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि र पशु | व्यापार | नोकरी | बैदेशिक रोजगार | गृहिणी | अन्य | पेन्सन | जेष्ठ नागरिक | दक्ष कामदार | विद्यार्थी | कम उमेर | बेरोजगार | अदक्ष श्रमिक | |
| ७ | २४४ | २२१ | २१७ | ३५७ | ७६५ | १४ | ८९ | ६९ | ३७ | ११७८ | ५७३ | ११५ | ७९ | ३९५८ |
| ८ | १२० | ४० | ६२ | २४९ | ३४१ | २२ | ९ | ७९ | ४३ | ६३३ | २१२ | १७० | ३० | २०१० |
| ९ | १४८८ | १६५ | २४६ | १३६९ | २४६२ | ८३ | ६३ | ४९० | ९५ | ३७६५ | १८२४ | ६२० | ४८१ | १३१५१ |
| १० | २०९ | ७६ | ३० | ३४८ | ५४२ | २१ | ३९ | १२३ | २३ | ८६८ | ३६९ | २७६ | १०६ | ३०३० |
| ११ | ७२२ | २६ | ५६ | २८१ | ७५४ | २० | ६ | ९७ | ५ | ११९४ | २५९ | २० | ५८ | ३४९८ |
| १२ | ४८५ | २९७ | ६५ | ७५२ | ११२४ | ४१ | ४१ | १६८ | ६३ | १७३५ | ७९९ | ३३९ | २५२ | ६१६१ |
| १३ | १८१ | ५८ | ३७ | ३१६ | ६९० | १६ | १७ | ११४ | ११ | ८५८ | ४१८ | २१३ | ९७ | ३०२६ |
| १४ | ४०९ | २८ | ६७ | ३७७ | २२९ | १२ | ७ | ३३ | ४ | ११०५ | ४१२ | ५९९ | १८ | ३३०० |
| १५ | ८६१ | ७७ | ३७ | २१३ | ३०४ | १ | १३ | २४ | २३ | ८९० | ४४६ | ७१ | ४३ | ३००३ |
| १६ | ४६३ | ८२ | ५० | ५०६ | ८९७ | ९२ | २५ | ९७ | २९ | १३२२ | ८५९ | ७२१ | १६ | ५१५९ |
| १७ | २७८ | १३९ | ११३ | ३६३ | ११५४ | २१ | ५५ | २५२ | १३ | १४०६ | ६३३ | १५४ | ५१७ | ५०९८ |
| १८ | ७५४ | ८० | ८९ | ४१५ | ९८० | १२ | ५ | ११३ | ६४ | १६०४ | ५६१ | २३६ | ५७ | ४९७० |
| १९ | ७४६ | ७६ | १०९ | ५२६ | ९८९ | १६६ | २९ | २२४ | ५३ | १७४१ | ७७५ | ४६५ | ५९ | ५९५८ |
| २० | ३८६ | ६२ | ४८ | ८०८ | ११९५ | १३७ | ९ | ३५८ | १८ | १५७३ | ६५१ | १२९ | २५३ | ५६२७ |
| २१ | १६७ | २३ | ७० | २९८ | ७३७ | १२ | ७२ | १३४ | १३ | ११०५ | ७०९ | ६०९ | २९३ | ४२४२ |
| २२ | ६९५ | ४९ | ९४ | ३४६ | ८३७ | ३८ | ५४ | ११५ | १३६ | १६४० | ५९८ | १८५ | २१८ | ५००५ |
| जम्मा | ९२७७ | २१२४ | १८८१ | ९८५२ | १८३९० | ९५० | ६९५ | ३०५४ | ८३७ | २८९७२ | १२८४१ | ६१५७ | ३,३६३ | ९८३९३ |
| प्रतिशत | ९.४३ | २.१६ | १.९१ | १०.०१ | १८.६९ | ०.९७ | ०.७१ | ३.१० | ०.८५ | २९.४५ | १३.०५ | ६.२६ | ३.४२ | १००.० |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*

## ३.९ मुख्य पेशाका आधारमा घरधुरी

मुख्य पेशाका आधरमा घरधुरीलाई हेर्दा सबैभन्दा उच्च २५.०३ प्रतिशत घरधुरीले कृषि तथा पशुजन्य व्यवसायलाई प्रमुख पेशाका रुपमा अवलम्बन गरेका छन् भने बैदेशिक रोजगारीलाई मुख्य पेशाका रुपमा लिने घरधुरी संख्या २०.६१ रहेको छ। यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

***तालिका ११: प्रमुख पेशा अनुसार घरधुरी संख्या***

| वडा नं. | मुख्य पेशाका आधारमा घरपरिवार | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि र पशु | व्यापार | नोकरी | बैदेशिक रोजगार | गृहिणी | अन्य | पेन्सन | जेष्ठ नागरिक | दक्ष कामदार | विद्यार्थी | कम उमेर | बेरोजगार | अदक्ष श्रमिक | नखुलेको | |
| १ | ८१ | १५० | ५५ | ६७ | ६१ | १६ | २८ | २० | १० | ३२ | १० | २१ | ६९ | | ६२० |
| २ | १६७ | १०५ | ५० | १३५ | ५४ | ११ | ५६ | ८१ | ६० | ४ | ० | ४५ | ९५ | ० | ८६४ |
| ३ | ३९ | १६ | २३ | १२२ | ८२ | २ | १ | ४५ | ८ | ८ | १ | ४८ | ३९ | १ | ४३९ |
| ४ | २८ | १६ | ३७ | ३२६ | ११६ | ६ | १ | ३८ | १ | ९ | ७ | १७० | १४ | ५ | ७७१ |
| ५ | ७९ | २० | ५ | १०९ | ७१ | ५ | ४ | ५८ | २ | ० | ३ | ४५ | ६३ | २ | ४६६ |
| ६ | १६० | ३० | ३१ | २२४ | ८६ | ४ | १५ | ११५ | २० | ५ | ४ | १४२ | ७७ | २ | ९१३ |
| ७ | १३६ | १४७ | ११८ | ११५ | १७९ | २ | ५२ | ४२ | १६ | ३२ | १ | ३७ | २६ | ० | ९०३ |
| ८ | ६४ | २४ | ३९ | १०१ | ९१ | ५ | ९ | ६९ | २६ | २२ | १ | ५५ | ३१ | ० | ५३९ |
| ९ | ३४० | १५ | ३५ | १९७ | १ | २ | ० | १०३ | १३ | ३ | ० | ८५ | ४३ | २ | ८३७ |
| १० | १७२ | ३५ | ९ | १०७ | १०५ | ९ | ४७ | ८० | २१ | ७ | ० | ७३ | ७० | ० | ७३५ |
| ११ | ४०८ | १३ | १४ | १४१ | ४४ | १ | ३ | ८१ | ३ | ६ | ० | ० | २९ | ० | ७४६ |
| १२ | २०६ | १७६ | २३ | ३१२ | १९१ | ६ | ३७ | ११० | २७ | ६ | १ | १३१ | १०९ | ३ | १३३५ |
| १३ | १३० | २४ | ३ | १३७ | २७ | ४ | १२ | ७१ | ३ | २ | ० | ६६ | ३४ | ० | ५१४ |
| १४ | १८१ | १५ | २९ | १९१ | ५० | २ | ४ | १२ | ० | ३२ | ४ | १९२ | ० | १ | ७१४ |
| १५ | ३०९ | ४२ | १५ | ५२ | ६१ | ० | १० | १२ | १० | २० | ० | ३५ | १९ | २ | ५८५ |
| १६ | २४८ | ५३ | २२ | २१२ | १३१ | १ | १७ | ५३ | १४ | ९ | ५ | २९० | ५ | ० | १०६२ |
| १७ | १४२ | ६६ | ३१ | १४६ | ३५ | २ | ४१ | १६८ | ६ | ६ | ० | १० | २१३ | २ | ८७३ |
| १८ | ४४२ | ३५ | ३८ | १८० | ६१ | २ | ० | ५१ | २१ | ३६ | १ | ४६ | १२ | ७ | ९२६ |
| १९ | ३७७ | ३२ | ३६ | २४६ | २४ | २५ | २६ | १६३ | ३८ | ५ | ४ | १८४ | ३३ | १ | ११९८ |

| वडा नं. | मुख्य पेशाका आधारमा घरपरिवार | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि र पशु | व्यापार | नोकरी | बैदेशिक रोजगार | गृहिणी | अन्य | पेन्सन | जेष्ठ नागरिक | दक्ष कामदार | विद्यार्थी | कम उमेर | बेरोजगार | अदक्ष श्रमिक | नखुलेको | |
| २० | २४१ | २८ | २० | ३४५ | ७१ | १८ | २ | १८३ | ५ | ६ | ० | १५ | १०१ | ५ | १०३७ |
| २१ | ११४ | १० | ३४ | १०३ | ९९ | २ | ५१ | ६४ | ९ | ६ | १ | १८९ | १०९ | २ | ७९३ |
| २२ | ३९९ | २४ | ३६ | १०६ | ७६ | ८ | ४१ | ७९ | २८ | १६ | १ | ३३ | १०९ | २ | ९५८ |
| **जम्मा** | **४४६३** | **१०७६** | **७०३** | **३६७४** | **१७१६** | **१३३** | **४५७** | **१६९८** | **३४१** | **२७२** | **४४** | **१९१२** | **१३००** | **३९** | **१७८२८** |
| **प्रतिशत** | **२५.०३** | **६.०३** | **३.९४** | **२०.६१** | **९.६२** | **०.७५** | **२.५६** | **९.५२** | **१.९१** | **१.५२** | **०.२५** | **१०.७२** | **७.२९** | **०.२१** | **१००.०** |

*स्रोत: घरधुरी सर्वेक्षण, २०७६*